# शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड

## सातौं वार्षिक साधारण सभा

## काम कारवाहीको विवरण (माइन्यूट)

(१) **बैधानिक सभा**

कम्पनी ऐन, २०६३ र बैंकको नियमावली बमोजिम बैंकको सातौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री थानेश्वर पौडेलज्यूको अध्यक्षतामा निम्न उल्लेखित मिति, समय र स्थानमा बसी देहायका बिषयहरु उपर छलफल गरी देहाय बमोजिमको निर्णयहरु गरियो ।

(२) **सभाको मिति, स्थान र समय :**

मिति : २०७२ साल फाल्गुण २२ गते शनिवार (५ मार्च, २०१६) ।

स्थान : डार्सिज इन्टरनेशनल होटल, बुटवल, रुपन्देही ।

समय : दिउसो १२ : ३० बजे ।

(३) **सभाको सूचना जारी**

(क) यस बैंकको मिति २०७२ माघ १८ गतेका दिन बसेको सञ्चालक समितिको १४१औं बैठकले निर्णय गरे बमोजिम बैंकको सातौं बार्षिक साधारण सभा सम्बन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) तथा बैंकको नियमावलीको नियम १८ को उपनियम (३) अनुसार मिति २०७२ साल माघ २९ गते र फाल्गुण ३ गतेको राष्ट्रिय दैनिक पत्रिका अन्नपूर्ण पोष्टमा २ पटक सूचना प्रकाशित गरिएको छ ।

(ख) कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिम बार्षिक प्रतिवेदन, बैंकको वित्तीय विवरणहरु सम्बन्धित शेयरधनीहरुको ठेगानामा सातौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना साथ संलग्न गरी पठाइएको ।

(ग) कम्पनी ऐन, २०६३ को दफा ७९ बमोजिम साधारण सभामा छलफल गरिने वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, कम्पनी ऐनको दफा ७८ बमोजिम तयार गरिएको प्रतिवेदन र सभामा छलफल हुने प्रस्तावहरु सभा हुनुभन्दा २१ (एक्काइस) दिन अगावै तयार गरी बैंकको कर्पोरेट कार्यालयमा शेयरधनीहरुले निरीक्षण गर्न पाउने व्यवस्था गरिएको ।

(४) **सभामा प्रस्तुत छलफलका विषयहरु**

(क) **सामान्य प्रस्ताव**

१. आ.ब. २०७१/०७२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७२ साल आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७१/०७२ को नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण र सोसंग सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बोनश शेयरको कर प्रयोजनका लागि चुक्ता पूँजीको १.४२ प्रतिशतले हुने रु. ८९,९९,९५८/०० (अक्षरेपी उनानव्बे लाख उनान्सय हजार नौ सय अन्ठाउन्न मात्र) नगद लाभांश पारित गर्ने ।

४. आ.ब. २०७२/०७३ को लागि लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
(लेखापरीक्षक श्री एच. काफ्ले एण्ड एशोसियट्स पुनः नियुक्तीका लागी योग्य हुनुहुन्छ । )

**(ख) विशेष प्रस्ताव**

१. आ.ब. २०७१/०७२ को लागि सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको २७ प्रतिशतले हुने रकम रु. १७,०९,९९,२००/०० (अक्षरेपी सत्र करोड नौ लाख उनान्सय हजार दुई सय मात्र) बरावरको बोनश शेयर वितरण गर्न स्विकृत गर्ने ।

२. शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडमा गौमुखी विकास बैंक लिमिटेड गाभ्ने (मर्ज गर्ने) सम्बन्धमा सञ्चालक समितिको तर्फवाट प्रस्तुत प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

३. शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडमा गौमुखी विकास बैंक लिमिटेड गाभ्ने (मर्ज गर्ने) प्रयोजनका लागि मुल्यांकनकर्तावाट प्राप्त गाभ्ने/गाभिने संस्थाको चल/अचल सम्पत्ती र दायित्व मुल्यांकन प्रतिवेदन Due Diligence Audit Report (DDAR) समेतको आधारमा निर्धारण गरिएको शेयर आदानप्रदान अनुपात (Share Swap Ratio) लाई पारित गरि मर्जरलाई स्विकृती प्रदान गर्ने ।

४. शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडमा गौमुखी विकास बैंक लिमिटेड गाभ्ने (मर्ज गर्ने) प्रयोजनका लागि चल/अचल सम्पत्ती र दायित्व मुल्यांकन गर्न संयुक्त मर्जर समितिवाट नियुक्त मुल्यांकनकर्ताको नियुक्ति तथा पारिश्रमिक अनुमोदन गर्ने ।

५. शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड र गौमुखी विकास बैंक लिमिटेड बीच मर्जर सम्बन्धमा भएका सहमती पत्र, सम्झौताहरुको स्विकृत/अनुमोदन गर्ने र एक आपसमा गाभ्न/गाभिनका लागि अन्तिम स्विकृति प्रदान गर्ने र सो सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण कार्य गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने ।

६. शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडमा गौमुखी विकास बैंक लिमिटेड गाभ्ने सम्बन्धमा नियमनकारी निकाय वा कार्यालयवाट कुनै विषयमा थप संशोधन गर्ने कुनै निर्देशन दिएमा सो समेत मिलाई संशोधन गर्न तथा मर्जर सम्बन्धमा गर्नुपर्ने अन्य सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

७. शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडमा गौमुखी विकास बैंक लिमिटेड गाभिएपछि (मर्जर पश्चात) गठन हुने सञ्चालक समितिमा गौमुखी विकास बैंक लिमिटेडवाट चयन भई आउनु हुने सञ्चालकलाई पदस्थापना एवं अनुमोदन गर्ने अख्तियार सञ्चालक समितिलाई प्रत्यायोजन गर्ने ।

८. विकास बैंकको सञ्चालक समितिको सदस्यहरुको कार्यकाल जतिसुकै बांकी भएतापनि गाभ्ने/गाभिने कार्य सम्पन्न भई नयां सञ्चालक समितिको गठन भए पश्चात विद्यमान सञ्चालकहरुको बांकी कार्यकाल स्वतः समाप्त भएको मानिने साथै नयां सञ्चालक समितिको कार्यकाल समेत शेयरधनिहरुको अर्को साधारण सभा नभएसम्म मात्र कायम रहने प्रस्ताव पारित गर्ने ।

९. विकास बैंकको अधिकृत, जारी तथा चुक्ता पूंजी बृद्धि गर्ने र सोही बमोजिम प्रबन्धपत्रमा संशोधन गर्ने ।

१०. विकास बैंकको नियमावलीमा अध्यक्ष, सञ्चालक र प्रमुख कार्यकारी अधिकृतको कार्यकालका सम्बन्धमा तथा प्रबन्धपत्र नियमावलीमा अन्य विभिन्न दफा तथा नियम संशोधन गर्ने ।

११. शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडमा गौमुखी विकास बैंक लिमिटेड गाभिएपछि (मर्ज) भएपछि अधिकृत पूंजी, जारी पूंजी, चुक्ता पूंजी, संरचना लगायतमा परिवर्तन हुने भएकाले सो बमोजिम तथा नियमनकारी निकायको निर्देशन बमोजिम हुने गरी प्रबन्धपत्र र नियमावलीमा आवश्यक दफा, नियम, संशोधन परिमार्जन गर्ने र नियमनकारी निकायको निर्देशन तथा पारित प्रस्ताव नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालयवाट स्वीकृति लिने र अभिलेख गर्ने क्रममा

आवश्यक थपघट संशोधन वा परिमार्जन गर्नु परेमा सो गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

१२. शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड र अन्य बैंक तथा वित्तीय संस्था (हरु) एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ती/समाहित (एक्वजिशन) संग सम्बन्धित आवश्यक कार्य गर्नका लागि सञ्चालक समितिलाई सम्पूर्ण अख्तियार दिने सम्बन्धी बिशेष प्रस्ताव पारित गर्ने ।

(ग) **विविध**

१. भुकम्प पिडित सहयोगार्थ प्रदान गरेको राहत रकम अनुमोदन गर्ने ।

(५) **सभामा उपस्थिति**

५.१ **सञ्चालकहरुको उपस्थिति**

| | | | |
|---|---|---|---|
| १. | श्री थानेश्वर पौडेल | अध्यक्ष | उपस्थित |
| २. | श्री राजेन्द्र प्रसाद श्रेष्ठ | सञ्चालक | उपस्थित |
| ३. | श्री भुवन भण्डारी | सञ्चालक | उपस्थित |
| ४. | श्री कृष्ण प्रसाद भण्डारी | सञ्चालक | उपस्थित |
| ५. | श्री दिलीपराज मास्के | सञ्चालक | उपस्थित |
| ६. | श्री मोहन चापागाई | सञ्चालक | उपस्थित |
| ७. | श्री डिल्लीराज भुसाल | सञ्चालक | उपस्थित |
| ८. | श्री गोपाल प्रसाद पाण्डे | सञ्चालक | उपस्थित |

५.२ **पर्यवेक्षक तथा आमन्त्रितको उपस्थिति : नरहेको**

५.३ **बैंक पदाधिकारीहरुको उपस्थिति**

| | | |
|---|---|---|
| १. | श्री प्रकाश पौडेल | प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव |
| २. | श्री सार्जन भट्टराई | नायव महाप्रवन्धक |
| ३. | श्री हुमनाथ ज्ञवाली | प्रवन्धक |
| ४. | श्री यशोधन पाण्डेय | प्रवन्धक |
| ५. | श्री भुवनप्रसाद पन्थ | सहायक प्रवन्धक |
| ६. | श्री लालमणी पन्थी | सहायक प्रवन्धक |
| ७. | श्री किरणप्रसाद शर्मा नेपाल | सहायक प्रवन्धक |

५.४ **शेयरधनीहरुको उपस्थिति**

१. संस्थापक शेयरधनीहरुको तर्फबाट स्वयं उपस्थित ४४ जनाबाट प्रतिनिधित्व भएको शेयर संख्या २४,४६,१७९ र प्रतिनिधी (प्रोक्सी) दिने २८ जनाबाट प्रतिनिधित्व भएको शेयर संख्या ११,७७,८१६ गरी कुल ७२ जना शेयरधनीहरुबाट प्रतिनिधित्व भएको कुल शेयर संख्या ३६,२३,९९५ कित्ता ।

२. सर्वसाधारण शेयरधनीहरुको तर्फबाट स्वयं उपस्थित १७० जनाबाट प्रतिनिधित्व भएको शेयर संख्या २,८०,०१९ र प्रोक्सी दिने ३७७ जनाबाट प्रतिनिधित्व भएको शेयर संख्या

४,९४,६८५ गरी कुल ५४७ जना शेयरधनीहरुबाट प्रतिनिधित्व भएको कुल शेयर संख्या ७,७४,७०४ कित्ता ।

३. कुल उपस्थित शेयर संख्या ४३,९८,६९९ कित्ता ।

४. शेयरको कुल उपस्थिति प्रतिशत ६९.४५ प्रतिशत ।

(६) **सभाको गणपूरक संख्या**

| विवरण | उपस्थित जम्मा शेयर संख्या | स्वयम् उपस्थिति | प्रतिनिधि मार्फत उपस्थिति | शेयरधनीको उपस्थिति संख्या | शेयरको कुल उपस्थिति प्रतिशत |
|---|---|---|---|---|---|
| बाँडफाँड भएको कुल शेयर संख्या **६३,३३,३०१** | ४३,९८,६९९ | २१४ | ४०५ | **६१९** | **६९.४५ %** |

कम्पनीको कुल शेयर ६३,३३,३०१ कित्ता मध्ये २७,२६,१९८ शेयर कित्ताका २१४ जना शेयरधनीहरु स्वयं उपस्थित हुनु भएको र १६,७२,५०१ शेयर कित्ताका ४०५ जना शेयरधनीहरु प्रतिनिधि (प्रोक्सी) मार्फत उपस्थित हुनु भई कुल शेयरको ६९.४५ प्रतिशतको प्रतिनिधित्व रहेको जानकारी सभालाई कम्पनी सचिवले गराउनु भयो ।

(७) **सभाको वैधानिकता**

सभा सञ्चालनका लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा बैंकको नियमावलीको नियम २३ बमोजिम बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा तीनजना शेयरधनीहरु स्वयं उपस्थिति हुनुपर्ने प्रावधान अनुसार अपरान्ह १२ : ३० बजेसम्म कूल शेयर संख्या ६३,३३,३०१ कित्ताको ४३,९८,६९९ शेयर अर्थात ६९.४५ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने तीनजना भन्दा बढी शेयरधनीहरुको उपस्थिति भई साधारण सभाको गणपूरक संख्या पुगेको कुरा कम्पनी सचिवले सभालाई अवगत गराउँदै सभा संचालन गर्न प्रचलित ऐन, कानून बमोजिम सभा बैधानिक रहेको कुरा जानकारी गराउनु भयो । सभा प्रारम्भ भई समापन नहुँदा सम्मको हाजिरी अभिलेख अनुसार माथि तालिकामा उल्लिखित संख्याको शेयर तथा शेयरधनीहरुको प्रतिनिधित्व सभामा रहेको थियो ।

(८) **सभाको अध्यक्षता**

कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) अनुसार साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्ष ज्यूबाट हुने भएकोले कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष श्री थानेश्वर पौडेल ज्यूलाई सभाको अध्यक्षता गरी दिन आग्रह भए बमोजिम वहाँले अध्यक्षताको आसन ग्रहण गर्नुभयो । साथै, सञ्चालक समितिका सदस्यज्यूहरु, संस्थापक तथा सर्वसाधारण शेयरधनी, बैंकका पदाधिकारीहरु सवैलाई आ-आफ्नो स्थानबाट आसन ग्रहण गरिदिन कम्पनी सचिवले अनुरोध गरे बमोजिम वहाँहरुले समेत आसन ग्रहण गर्नुभयो ।

(९) **सातौं वार्षिक साधारण सभामा सञ्चालक समितिको प्रतिवेदन तथा अन्य प्रस्तावहरुको प्रस्तुती**

९.१ **सातौं वार्षिक प्रतिवेदन प्रस्तुती**

सभाका अध्यक्षज्यूले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिबादन गर्दै पूर्व निर्धारित छलफलको बिषय सूची अनुसार आर्थिक बर्ष २०७१/०७२ को सञ्चालक समितिको प्रतिबेदन छलफल गरि निर्णयार्थका लागि सभा समक्ष पेश गर्नुभयो ।

९.२ **लेखापरीक्षण प्रतिवेदनको प्रस्तुती**

अध्यक्षज्यूले सभा समक्ष लेखापरीक्षकको प्रतिबेदन सहित मिति २०७२ आषाढ मसान्तसम्मको रु. ७,२२,६७,४८,९११.९५ को पूँजी/दायित्व तथा जायजेथा भएको वासलात, रु. ७१,२९,५२,१३५.२८ कुल सञ्चालन आम्दानी, रु. ५३,०७,१६,७१६.६९ कुल खर्च (आयकर र कर्मचारी बोनस समेत) २०७१/०७२ को नाफा-नोक्सान हिसाव तथा साधारण जगेडा कोष बापत रु. ३,६४,४७,०८४/- छुट्याई बाँकी रहेको संचित मुनाफा समेत उपयोग गरी रु. १७ करोड ९ लाख ९९ हजार २ सय बरावरको बोनस शेयर र कर प्रयोजनका लागि रु. ८९ लाख ९९ हजार ९ सय ५८ नगद लाभाँश प्रयोजनलाई छुट्टयाएपछिको संचित मुनाफा रु. ३७,०३,२४९.०९ वासलातमा सारिएको तथा अन्तिम नगद तथा बैंक मौज्दात रु. ५५,५४,७३,८४९.७२ भएको नगद प्रवाह बिवरण सहित वासलात, नाफा-नोक्सान हिसाव समेत छलफल गरी पारीत गर्नका लागि सभा समक्ष प्रस्तुत गर्नुभयो ।

(१०) **छलफलको लागि आव्हान**

साधारण सभामा शेयरधनीहरुले निर्धारित विषयसूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (६) मा भए अनुरुप अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले सञ्चालक समितिको सातौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७१/०७२ को वासलात, नाफा-नोक्सान हिसाव, नगद प्रवाह बिवरण, अनुसूचीहरु तथा सभामा प्रस्तुत विषयहरुमा छलफलका लागि आ-आफ्नो मन्तव्य, विचार, जिज्ञासा तथा सुझावहरु राख्न चाहने शेयरधनी महानुभावहरुलाई क्रमैसंग सहभागी हुन अनुरोध गर्नुभयो ।

(११) **छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुले सामूहिक रुपमा व्यक्त गर्नु भएका मन्तब्य**

सभामा देहाय बमोजिमका शेयरधनीहरुले देहाय बमोजिमको जिज्ञासा तथा सुझावहरु राख्नु भएको थियो :

११.१ **श्री गिरधारीलाल न्यौपाने (सर्वसाधारण शेयरधनी)**

बैंकले देशको आर्थिक उन्नतीमा अत्यन्त सकारात्मक भुमिका खेलेको, बैंकको अस्तित्व रहने गरी अन्य विकास बैंकलाई गाभ्ने निर्णय उपयुक्त रहेको, संस्थाले सरोकारवाला सवैको विश्वास जित्न सफल रहेको र अझ विश्वसनीय बनाउने तर्फ लाग्नु पर्ने धारणा व्यक्त गर्नु भयो ।

११.२ **श्री नन्दराम भुसाल (संस्थापक शेयरधनी)**

गौमुखी विकास बैंकलाई गाभ्ने प्रस्ताव उपयुक्त रहेको, बैंकको पूँजी बृद्धिका लागि हकप्रद शेयर मार्फत रकम थप गर्न तयार रहेको धारणा व्यक्त गर्नु भयो ।

११.३ **श्री विरेन्द्र भुसाल (संस्थापक शेयरधनी)**

बैंकको नाममा रहेको ग्रोमोर मर्चेन्ट बैंकर लिमिटेडको शेयरका सम्बन्धमा जानकारी माग गर्नु भयो ।

११.४ **श्री लक्ष्मण अर्याल (सर्वसाधारण शेयरधनी)**

बैंकको अल्पकालिन, मध्यकालिन र दीर्धकालिन योजनाको सम्बन्धमा जिज्ञासा राख्दै सवल तथा सुदृढ वित्तीय सूचकाङ्क प्रती धन्यवाद ब्यक्त गर्नु भयो ।

११.५ **श्री टंक प्रसाद पोखरेल (सर्वसाधारण शेयरधनी)**

सफल मर्जर प्रती सञ्चालक समिति र व्यवस्थापन प्रती धन्यवाद प्रकट गर्दै यस बैंकको नेतृत्वमा बुटवलमा रहेका विकास बैंकहरुलाई समेत गाभ्न सुझाव दिनु भयो । बैंकले प्रस्ताव गरेको लाभाँश प्रती प्रसंशा गर्दै भविष्यका लागी शुभकामना दिनु भयो ।

११.६ **श्री लक्ष्मण प्रसाद गैरे (सर्वसाधारण शेयरधनी)**

बैंकले स्व : प्रयोजनका लागी जग्गा खरिद गरेकोमा उक्त जग्गा मूल्य, स्थान र आवश्कताको दृष्टिकोणवाट अत्यन्त उपयुक्त रहेको हुंदा उपस्थित सम्पूर्ण शेयरधनीहरुको तर्फवाट व्यवस्थापनलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

११.७ **श्री तारा प्रसाद भुसाल (संस्थापक शेयरधनी)**

बैंकले सूचना प्रविधिमा अझ बढी सशक्त भई मोबाईल बैंकिङ्ग, ATM सेवा सञ्चालनमा ल्याएमा कर्मचारीहरुलाई भार कम हुन गई ग्राहकहरुले सहज सेवा पाउने धारणा व्यक्त गर्नु भयो ।

उल्लेखित जिज्ञासाहरु उपर बैंकका अध्यक्ष श्री थानेश्वर पौडेलज्यू तथा प्रमुख कार्यकारी अधिकृत श्री प्रकाश पौडेलज्यूले जवाफ दिनु भएको थियो ।

**(१२) सभाको निर्णय**

**(क) साधारण प्रस्ताव**

१. आ.ब. २०७१/७२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गरियोस भनि राखेको प्रस्ताव सभाबाट सर्वसम्मतीले पारित गरियो ।

२. लेंखापरीक्षकको प्रतिवेदन सहितको २०७२ साल आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७१/०७२ को नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण र सोसंग सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गरियोस भनि राखेको प्रस्तावलाई सभाबाट सर्वसम्मतीले पारित गरियो ।

३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बोनश शेयरको कर प्रयोजनका लागि चुक्ता पूँजीको १.४२ प्रतिशतले हुने रु. ८९,९९,९५८/- (अक्षरेपी उनानब्बे लाख उनान्सय हजार नौ सय अन्ठाउन्न मात्र) नगद लाभांश पारित गरियोस भनि राखिएको प्रस्ताव सभाबाट सर्वसम्मतीले पारित गरियो ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक बर्ष २०७२/०७३ को लेखापरीक्षण गर्न लेखापरीक्षकमा श्री एच. काफ्ले एण्ड एशोसियट्सका चाटर्ड एकाउन्टेण्ट श्री हेमकुमार काफ्लेलाई नियुक्ती गर्ने र निजको पारिश्रमिक मूल्य अभिबृद्धि कर समेत बार्षिक रकम रु. ६,२१,५००/- (अक्षरेपी छ लाख एक्काईस हजार पाँच सय मात्र) भुक्तान गर्नेगरी नियुक्त गर्न गरिएको प्रस्ताव सभाबाट सर्वसम्मतीले पारित गरियो ।

**(ख) विशेष प्रस्ताव**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको २७ प्रतिशतले हुने रकम रु. १७,०९,९९,२००/- (अक्षरेपी सत्र करोड नौ लाख उनान्सय हजार दुई सय मात्र) बरावरको बोनश शेयर वितरण गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतीले पारित गरियो ।

२. शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडमा गौमुखी विकास बैंक लिमिटेड गाभ्ने (मर्ज गर्ने) सम्बन्धमा सञ्चालक समितिको तर्फवाट प्रस्तुत प्रतिवेदन उपर छलफल गरि पारित गरियोस भनि राखेको प्रस्ताव उपर विस्तृत रुपमा छलफल गर्दा मिति २०७२ आश्विन मसान्तको वित्तीय विवरणको आधारमा गरिएको सम्पत्ति तथा दायित्व मूल्याकंन प्रतिवेदन (Due Deligence Audit



SHINE RESUNGA DEVELOPMENT BANK LTD.

Report) अनुसार शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडको प्रती शेयर नेटवर्थ १२३.८७ र गौमुखी विकास बैंक लिमिटेडको प्रती शेयर नेटवर्थ ११२.४५ कायम भएकोले उक्त प्रतिवेदन समेतका आधारमा शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडको १ शेयर बरावर गौमुखी विकास बैंक लिमिटेडको ०.९० शेयर, शेयर आदान प्रदान अनुपात हुने गरी शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडमा गौमुखी विकास बैंक लिमिटेड गाभ्ने (मर्ज गर्ने) प्रस्ताव सभाबाट सर्वसम्मतीले पारित गरियो ।

३. शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडमा गौमुखी विकास बैंक लिमिटेड गाभ्ने (मर्ज गर्ने) प्रयोजनका लागि मुल्यांकनकर्तावाट प्राप्त गाभ्ने/गाभिने संस्थाको चल/अचल सम्पत्ती र दायित्व मुल्यांकन प्रतिवेदन Due Diligence Audit Report (DDAR) समेतको आधारमा निर्धारण गरिएको शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) लाई पारित गरि मर्जरलाई स्वीकृति प्रदान गरियोस भनि राखेको प्रस्ताव उपर विस्तृत रुपमा छलफल हुंदा शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडको १ शेयर बराबर गौमुखी विकास बैंक लिमिटेडको ०.९० शेयर, शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) निर्धारण गरि शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडमा गौमुखी विकास बैंक लिमिटेड गाभ्ने (मर्ज गर्ने) प्रस्ताव सभाबाट सर्वसम्मतीले पारित गरियो ।

४. शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडमा गौमुखी विकास बैंक लिमिटेड गाभ्ने (मर्ज गर्ने) प्रयोजनका लागि चल/अचल सम्पत्ती र दायित्व मुल्यांकन गर्न संयुक्त मर्जर समितिवाट नियुक्त मुल्यांकनकर्ता श्याम कार्की एण्ड कम्पनी, काठमाण्डौंलाई दुवै संस्थाको मूल्य अभिबृद्धि कर समेत रु. ५,६५,०००/- पारिश्रमिक भुक्तानी गर्ने गरी नियुक्ति गरिएकोमा निजको नियुक्ती तथा पारिश्रमिक अनुमोदन गरियोस भनि राखेको प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

५. शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड र गौमुखी विकास बैंक लिमिटेड बीच मर्जर सम्बन्धमा भएका सहमती पत्र, सम्झौताहरुको स्विकृत/अनुमोदन गर्ने र एक आपसमा गाभ्न/गाभिनका लागि अन्तिम स्विकृति प्रदान गर्ने र सो सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण कार्य गर्ने अख्तियारी संचालक समितिलाई प्रदान गरियोस भनि राखेको प्रस्ताव सभाबाट सर्वसम्मतीले पारित गरियो ।

६. शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडमा गौमुखी विकास बैंक लिमिटेड गाभ्ने सम्बन्धमा नियमनकारी निकाय वा कार्यालयवाट कुनै विषयमा थप संशोधन गर्न कुनै निर्देशन दिएमा सो समेत मिलाई संशोधन गर्न तथा मर्जर सम्बन्धमा गर्नुपर्ने अन्य सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव सभाबाट सर्वसम्मतीले पारित गरियो ।

७. शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडमा गौमुखी विकास बैंक लिमिटेड गाभिएपछि (मर्जर पश्चात) गठन हुने सञ्चालक समितिमा गौमुखी विकास बैंक लिमिटेडवाट चयन भई आउनु हुने सञ्चालकलाई पदस्थापना एवं अनुमोदन गर्ने अख्तियार सञ्चालक समितिलाई प्रत्यायोजन गर्ने सम्बन्धी प्रस्ताव सभाबाट सर्वसम्मतीले पारित गरियो ।

८. विकास बैंकको सञ्चालक समितिको सदस्यहरुको कार्यकाल जतिसुकै बांकी भएतापनि गाभ्ने/गाभिने कार्य सम्पन्न भई नयां सञ्चालक समितिको गठन भए पश्चात विद्यमान सञ्चालकहरुको बांकी कार्यकाल स्वत : समाप्त भएको मानिने साथै नयां सञ्चालक समितिको कार्यकाल समेत शेयरधनीहरुको अर्को साधारण सभा नभएसम्म मात्र कायम रहने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

९. विकास बैंकको अधिकृत, जारी तथा चुक्ता पूंजी बृद्धि गर्ने र सोही बमोजिम प्रबन्धपत्रमा संशोधन गर्ने ।

बैंकले आर्थिक बर्ष २०७१/०७२ को नाफाबाट २७ प्रतिशतले हुने रकम रु. १७,०९,९९,२००/- (अक्षरेपी सत्र करोड नौ लाख उनान्सय हजार दुई सय रुपैंया मात्र) बराबरको बोनस शेयर वितरण गर्ने र यस बैंकमा गौमुखी विकास बैंक लिमिटेडलाई गाभ्ने (मर्ज) भएकाले गाभिएपश्चात बैंकको

पूँजी संरचनामा बृद्धि हुने भएकाले प्रवन्धपत्रमा देहाय बमोजिमको संशोधन गर्ने प्रस्ताव पारित गरियोस भनि राखेको प्रस्ताव सभाबाट सर्वसम्मतीले पारित गरियो ।

**दफा ६ : विकास बैंकको पूँजी संरचना**

**(क)** विकास बैंकको अधिकृत पूँजी रु. १,२०,००,००,०००/- (एक अर्ब बीस करोड रुपैया मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरले १,२०,००,००० (एक करोड बीस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**(ख)** विकास बैंकले जारी पूँजी रु. ८६,८४,१९,०९२/- (छयासी करोड चौरासी लाख उन्नाईस हजार बयानब्बे रुपैंया मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरले ८६,८४,१९१ (छयासी लाख चौरासी हजार एक सय एकानब्बे) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**(ग)** विकास बैंकको चुक्ता पूँजी रु. ८६,८४,१९,०९२/- (छयासी करोड चौरासी लाख उन्नाईस हजार बयानब्बे रुपैंया मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरले ८६,८४,१९१ (छयासी लाख चौरासी हजार एक सय एकानब्बे) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**(घ)** सर्वसाधारण शेयरधनीहरुलाई समूह "ख" मा वर्गीकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ३६.७८ प्रतिशत हुनेछ ।

**(ङ)** (१) संस्थापक शेयरधनीहरुलाई समुह "क" मा वर्गीकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ६३.२२ प्रतिशत हुनेछ ।

(२) सर्वसाधारणमा बिक्री गरिने शेयर खरीद गर्ने शेयरधनीलाई समूह "ख" मा वर्गीकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ३६.७८ प्रतिशत हुनेछ । यस समुहको कुल शेयरमध्येवाट बढीमा ५ प्रतिशतसम्म शेयर बिकास बैंकका कर्मचारीलाई छुट्याई संचालक समितिको निर्णय बमोजिम विक्री वितरण गर्न सकिनेछ ।

१०. विकास बैंकको नियमावलीमा अध्यक्ष, सञ्चालक र प्रमुख कार्यकारी अधिकृतको कार्यकालका सम्बन्धमा तथा प्रबन्धपत्र नियमावलीमा अन्य विभिन्न दफा तथा नियम संशोधन गर्ने सम्बन्धी देहाय बमोजिमको प्रस्ताव पारित गरियोस भनि राखेको प्रस्ताव सभाबाट सर्वसम्मतीले पारित गरियो ।

**प्रवन्धपत्र तर्फ**

**दफा २ : विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना :**

(१) यस विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय लुम्बिनी अञ्चल, रुपन्देही जिल्ला, बुटवल उप-महानगरपालिका, वडा नं. ८ मा रहनेछ । नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उप-शाखा वा अन्य कार्यालय खोली वित्तीय कारोवार गर्न सकिनेछ । यस बिकास बैंकको तोकिएका १० (दश) जिल्ला कार्यक्षेत्र रुपन्देही, अर्घाखाँची, नवलपरासी, पाल्पा, गुल्मी, कपिलवस्तु, बाग्लुङ्ग, दाङ्ग, प्यूठान र चितवन गरी १० जिल्ला कार्यक्षेत्र भएको विकास बैंक हुनेछ ।

**दफा ५ बिकास बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरु**

**(छ)** हटाइएको ।

**(फ)** हटाइएको ।

**दफा ८ (ङ)** सर्वसाधारणले शेयर खरीद गर्दा न्यूनतम १० कित्ता वा १० अंकले भाग गर्दा शेष नरहने गरी खरीद गर्न सकिनेछ ।

**दफा १५ (१)** साविकको शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडको क्रम संख्या १ देखी ८४ र साविकको गौमुखी विकास बैंक लिमिटेडको क्रम संख्या ८५ देखी ११७ सम्मको शेयरधनीहरुलाई संस्थापक शेयरधनी समूह "क" भनिनेछ ।

**नियमावली तर्फ**

**नियम २** **विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना :**

(१) यस विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय लुम्बिनी अञ्चल, रुपन्देही जिल्ला, बुटवल उप-महानगरपालिका, वडा नं. ८ मा रहनेछ ।

(२) नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उप-शाखा वा अन्य कार्यालय खोली वित्तीय कारोवार गर्न सकिनेछ । यस बिकास बैंकको तोकिएका १० (दश) जिल्ला कार्यक्षेत्र रुपन्देही, अर्घाखाँची, नवलपरासी, पाल्पा, गुल्मी, कपिलवस्तु, बाग्लुङ्ग, दाङ्ग, प्यूठान र चितवन गरी १० जिल्ला कार्यक्षेत्र भएको विकास बैंक हुनेछ ।

**नियम २७(७)** विकास बैंकको मर्जरपछिको वार्षिक साधारण सभा नभएसम्म निम्न सदस्यहरु रहेको सञ्चालक समिति रहनेछ :

| | | |
|---|---|---|
| (क) | थानेश्वर पौडेल | अध्यक्ष |
| (ख) | राजेन्द्रप्रसाद श्रेष्ठ | सञ्चालक |
| (ग) | भुवन भण्डारी | सञ्चालक |
| (घ) | कृष्णप्रसाद भण्डारी | सञ्चालक |
| (ङ) | मेघराज कक्षपति | सञ्चालक |
| (च) | मोहन चापागांई | सञ्चालक |
| (छ) | डिल्लीराज भुसाल | सञ्चालक |
| (ज) | गोपालप्रसाद पाण्डे | सञ्चालक |

**नियम ३०** **सञ्चालकको पुन : नियुक्त सम्वन्धी ब्यवस्था :**

कुनैपनि सञ्चालक लगातार २ (दुई) कार्यकालका लागी मात्र सञ्चालकमा नियुक्त हुन सक्नेछ ।

**नियम ३६ (४)** प्रमुख कार्यकारी अधिकृतको पदावधी ४ (चार) बर्षको हुनेछ र निज लगातार २ (दुई) कार्यकालका लागी सोही पदमा नियुक्त हुन सक्नेछ ।

**नियम ५३ (१)** साविकको शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडको क्रम संख्या १ देखी ८४ र साविकको गौमुखी विकास बैंक लिमिटेडको क्रम संख्या ८५ देखी ११७ सम्मको शेयरधनीलाई संस्थापक शेयरधनी समूह "क" भनिनेछ ।

११. शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडमा गौमुखी विकास बैंक लिमिटेड गाभिए (मर्ज) भएपछि अधिकृत पूंजी, जारी पूंजी, चुक्ता पूंजी, संरचना लगायतमा परिवर्तन हुने भएकाले सो बमोजिम तथा नियमनकारी निकायको निर्देशन बमोजिम हुने गरी प्रबन्धपत्र र नियमावलीमा आवश्यक दफा, नियम, संशोधन परिमार्जन गर्ने र नियमनकारी निकायको निर्देशन तथा पारित प्रस्ताव

नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालयवाट स्वीकृति लिने र अभिलेख गर्ने क्रममा आवश्यक थपघट संशोधन वा परिमार्जन गर्नु परेमा सो गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गरियोस भनि राखिएको प्रस्ताव सभाबाट सर्वसम्मतीले पारित गरियो ।

१२. शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड र अन्य बैंक तथा वित्तीय संस्था (हरु) एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ती/समाहित (एक्वजिशन) संग सम्बन्धित आवश्यक कार्य गर्नका लागि सञ्चालक समितिलाई सम्पूर्ण अख्तियार दिने सम्बन्धी बिशेष प्रस्ताव पारित गरियोस भनि राखिएको प्रस्ताव सभाबाट सर्वसम्मतीले पारित गरियो ।

**(ग) विविध :**

१. भुकम्प पिडित सहयोगार्थ प्रदान गरेको राहत रकम अनुमोदन गर्ने

कम्पनी ऐन, २०६३ को दफा १०५ **सञ्चालकहरुको अख्तियारीमा प्रतिवन्ध** को बुँदा (ग) मा "कम्पनीको कर्मचारी वा आफ्नो व्यवसायको प्रवर्द्धनको लागि दिएको अनुदान, चन्दा, उपहार आदिमा गरिएको खर्च बाहेक एक आर्थिक वर्षमा पचास हजार रुपैयाँ वा कम्पनीको विगत तीन आर्थिक वर्षको सरदर खुद मुनाफाको एक प्रतिशतले हुन आउने रकम मध्ये जुन कम हुन्छ, सो रकम भन्दा बढी रकमको चन्दा, अनुदान वा दान दिन" भन्ने व्यवस्था रहेकोमा २०७२ बैशाख १२ गते गएको भुकम्पबाट पिडितहरुको सहयोगार्थ बैंकले प्रधानमन्त्री राहत कोषमा प्रदान गरेको रु. ३,००,०००/- (अक्षरेपी तीन लाख मात्र) अनुमोदन गरियोस भनि राखिएको प्रस्ताव सभाबाट सर्वसम्मतीले पारित गरियो ।

**(१३) धन्यबाद ज्ञापन तथा सभा बिसर्जन**

सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सञ्चालक समितिबाट प्रस्तावित प्रस्तावहरुलाई सर्वसम्मतीले पारित गरिदिनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अध्यक्षज्यूले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो । साथै, सभालाई सफलताका साथ सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने सम्पूर्ण शेयरधनी महानुभावहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, लेखापरीक्षक, शेयर रजिष्ट्रार, कानूनी सल्लाहकार, सञ्चालक साथीहरु, बैंकका कर्मचारीहरु लगायत सम्बद्ध सवैप्रति हार्दिक आभार प्रकट गर्दै अध्यक्षज्यूले अपरान्ह ३ : १५ बजे सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

...................... ......................

प्रकाश पौडेल — थानेश्वर पौडेल

प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव — अध्यक्ष (सञ्चालक समिति)